स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी वैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै रेखा थापाको फिल्म 'उपहार : जर्नी अफ लाइफ'को छायांकन सुरु भएको छ । निर्देशक तथा निर्माता ज्ञानेन्द्र देउजाले फिल्म उक्त मितिमा रिलिज हुने तय भएको जानकारी दिए । रेखा फिल्म्सले निर्माण गर्ने फिल्महरु दशैं वा नयाँ वर्षको दिनमा रिलिज गर्ने इतिहास छ । 'उपहार : जर्नी अफ लाइफ'लाई एफडी ग्रुप र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछन् ।

**आजको विचार...**



भ्रष्टाचारले... (दुई पेजमा)

रत्न प्रजापति

रामबाबु गुरुङले निर्देशन गर्न लागेको फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'को शीर्ष भूमिकामा अभिनेत्री आँचल शर्मा पक्का भएकी छन् । यो फिल्ममा आँचललाई दयाहाङ राईको अपोजिटमा कास्ट गर्न लागिएको निर्देशक गुरुङले जानकारी दिए । आँचल अनुबन्धित भएसँगै अब यो फिल्ममा कलाकारको लाइनअप पूरा भएको छ । निर्देशक तथा निर्माता गुरुङले आँचलसँग फिल्मलाई लिएर सहमति भएको बताए । यसअघि माओत्से गुरुङ, पुष्कर गुरुङ, विजय बराल, बुद्धि तामाङ र प्रकाश घिमिरे पनि फिल्ममा जोडिइसकेका छन् ।



❒ वर्ष २९ ❒ अंक ५० ❒ २०८० भदौ १९ गते मंगलबार 5 September 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### छैटौं तलाबाट हाम फालेर एकको मृत्यु

**पाल्पा,** भदौ १८/वीर अस्पतालको छैटौं तलाबाट हाम फालेर एक पुरुषको मृत्यु भएको छ । सोमबार विहान २ बजेतिर सर्जिकल भवनको तलाबाट उनले फाम फालेको अस्पतालको सीसीटीभी फुटेजमा देखिएको छ । हाम फालेका ती पुरुषको पहिचान खुलेको छैन । उनी अन्दाजी ४० वर्षका रहेका छन् । ति पुरुष बिरामीको आफन्त हुँ भन्दै अस्पतालभित्र प्रवेश गरेको अस्पतालले जनाएको छ । उनी अस्पतालको माथि तलामा गएर हाम फालेका थिए । अस्पताल प्रशासनले बुझ्दा उनका कोही बिरामी अस्पतालमा नभएको पाइएको छ ।

### गाडीको ठक्करबाट एकको मृत्यु

**पाल्पा,** भदौ १८/काठमाडौंमा गाडी र मोटरसाइकल एक आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक २७ वर्षीय दावा दोर्जे शेर्पाको मृत्यु भएको छ ।

काठमाडौं महानगरपालिका-३ बसुन्धानरास्थित सडकमा आइतबार राति बागमती प्रदेश ०१-०२७ च ६७४७ नम्बरको बोलेरो र प्रदेश ३-०२-००६ प ६४०५ नम्बरको मोटरसाइकललाई एकआपसमा ठक्कर खाँदा संघुवासभा मकालु गाउँपालिका-१ का शेर्पाको सोमबार विहान मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते शेर्पाको उपचारका क्रममा ग्रिनसिटी अस्पताल बसुन्धरामा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीका अनुसार मोटरसाइकलको पछाडी सवार एक जना घाइते भएका छन् । उनको ग्रिनसिटी अस्पतालमा उपचार भइरहेको छ ।

# ऐतिहासिक भगवती जात्राको तयारी तीव्र

## जात्राको दिन सार्वजनिक विदा

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ १८/पाल्पाको ऐतिहासिक भगवती जात्राको तयारी तीव्र पारिएको छ । यही भदौ २१ गते बिहीबारका दिन हुन लागेको २०३ औं भगवती रथायात्राको तयारी तीव्र पारिएको श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यबस्थापन समितिले जनाएको छ । समितिले सोमबार पत्रकार सम्मेलन गरी जात्रालाई विजय उत्सवकै रुपमा मनाउने गरी तयारी भइरहेको जनाएको हो ।

नेपालले विसं १८७१ र ७२ मा भएको बुटवल जितगढीयुद्धमा अंग्रेजलाई पराजित गरेको थियो । तत्कालीन नेपाली सेनाको पाल्पा कमाण्डर कर्णेल उजिर सिंह थापाले युद्धमा जानु अघि युद्धमा जितेमा तीन तले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि तत्कालीन कर्णेल उजिर सिंह थापाले विसं १८७७ देखि कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सव स्वरुप भगवती जात्रा मनाउ थालेका हुन् । जुन परम्परा आज सम्म चल्दै आएको छ । गुठी व्यवस्थापन समितिले ९ वटा विभिन्न उपसमिति गठन गरी विजय उत्सवलाई भव्य बनाउन लागि परेको छ । समितिले प्रकाशनाथ गंगोलको संयोजकत्वमा आर्थिक व्यबस्थापन उप समिति, शुसिल प्रधानको संयोजकत्वमा झाकी व्यवस्थापन प्रचार-प्रसार उप समिति, मुल पुजारी हिक्मतबहादुर





बज्राचार्यको संयोजकत्वमा पुजा व्यवस्थापन उपसमिति, पुरन महर्जनको संयोजकत्वमा बलि, पिपा, बाजा व्यवस्थापन उपसमिति, दिपेन्द्र बज्राचार्यको संयोजकत्वमा प्रसाद व्यवस्थापन उपसमिति, शुसिला श्रेष्ठको संयोजकत्वमा स्वागत सत्कार उपसमिति, बसन्तमान सिमागैंडाको संयोजकत्वमा मन्दिर सरसफाई रंगरोगन उपसमिति, ज्ञान कुमार बज्राचार्यको संयोजत्कत्वमा भजन व्यवस्थापन उपसमिति, शुरेस लिगल र सुरेन्द्रमान कर्माचार्यको नेतृत्वमा स्वयमसेवक रथयात्रा रुट उपसमिति गठन गरिएको समितिका अध्यक्ष अशोकमान महर्जनले पत्रकारहरुलाई जानकारी दिए । विजय उत्सवको अघिल्लो दिन ८ बजे देखि मन्दिरमा विधिवत पुजा शुरु गर्ने, भजन कृर्तन गर्ने, राती साढे ११ बजे देखि पौनी १२ बजे भित्र बजार घुमाउने रथलाई ३ पटकसम्म परिक्रमा गराउने र भगवतीको मुर्ति राख्ने कार्यक्रम रहेको समितिले जनाएको छ । भदौ २१ गते साढे १२ बजे देखी १ बजेको बिचमा विजय उत्सव स्वरुप भगवतीको रथ उठाउने कार्यक्रम रहेको र सो कार्यक्रममा प्रमुख अतिथीको रुपमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र विशिष्ट अतिथिको रुपमा नेपाली सेनाका बलाधिकृत रथी सरोज प्रताप रानाको सहभागिता रहने कार्यक्रम रहेको समितिका सचिव प्रकाशनाथ गंगोलले बताए । भगवतीजात्राको लागि करीव ७ लाख खर्च हुने अवस्था रहेकाले सो को व्यवस्थापन भईरहेको आर्थिक व्यवस्थापन उपसमितिका संयोजक गंगोलले बताए । यो समिति भगवती गुठिको नाममा रहेको भक्तपुरमा ३६ रोपनी र पाल्पामा १४ रोपनी जगा खोजबिन गरिरहेको र जात्रा पछि भगवती मन्दिरमा दैनिक १४ घण्टा सञ्चालन गर्ने तयारीमा जुटेको गुठिका अध्यक्ष महर्जनले बताए । जात्रालाई भव्य बनाउन सवारी साधन चढेर आउने यात्रुहरुको लागि आतेजातेमा ५० प्रतिशतसम्म यातायात शुल्कमा छुट गर्ने विषयमा पश्चिमाञ्चल बस व्यबसायीसँग तानसेन बुटवल आतेजातेको लागि सहमती भईसकेको र श्रीनगर यातयात समितिसँग कुराकानी भईरहेको समितिले जनाएको छ । आन्तरिक पर्यटकहरु वृद्धि गर्नको लागि होटलको खाना र बस्नको लागि १५ प्रतिशतसम्म छुट गर्ने विषयमा सहमति भएको समितिले जनाएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले भगवतीजात्रा विरता र ऐतिहासिकतासँग जोडिएकाले सोही अनुसारको कार्यक्रम गर्न समितिलाई सुझाव दिए । समितिले गुठीको सम्पत्ती पूर्ण रुपमा खोजी, आगामी दिनमा अक्षयकोषको रकमबाटै जात्रा सञ्चालन गर्न सकिने गरी काम गर्न समितिलाई अध्यक्ष रानाले जोड दिए । समितिका सल्लाहकार केदारलाल श्रेष्ठले विगतमा हुँदै आएको जात्रा सञ्चालनको अवस्थाबारे जानकारी दिएका थिए । कार्यक्रममा पत्रकार मिलन विश्वकर्मा, विजय बौडेल, नेत्र गैरे, सन्तोष गहतराज, कृष्ण पोखरेल सस्कृतीकर्मी राजेन्द्रगोपाल सिंह लगायतले जात्राको विषयमा जिज्ञासा राखेका थिए । समितिका अध्यक्ष अशोकमान महर्जनको सभापतित्वमा भएको कार्यक्रम समितिका सदस्य पदम न्यौपानेको धन्यवाद र सचिव प्रकाशनाथ गंगोलले गरेका थिए ।

**जात्राको दिन सार्वजनिक विदा**

भगवती जात्राका दिन प्रदेश सरकारले सार्वजनिक विदा दिएको छ । प्रदेश सरकारले राष्ट्रिय गौरवको रुपमा रहेको भगवती जात्रालाई सार्वजनिक विदा दिने निर्णय यस अघि नै गरेको थियो । निश्चित जात्रा निकाल्ने समुदाय र ठाउँलाई केन्द्रित गरेर १ दिन विदा छुट्याइएको प्रदेश सरकारले जनाएको छ ।

## तानसेनको भिमसेन रथयात्रा निकालियो



**पाल्पा,** भदौ १८/तासेनस्थित भिमसेन टोलमा रहेको भिमसेन रथयात्रा निकालिएको छ । यो हरेक वर्ष टक्सारटोलमा रहेको श्री ७ सूर्यविनायक गणेशको रथयात्रा निकालेको भोलिपल्ट निकाल्ने गरिन्छ । तानसेनका नेवार समुदायले विशेष गरी यो मनाउने गर्छन् । यस वर्ष सोमबार रथ निकालिएको हो ।

रथलाई तानसेन नगरपरिक्रम गरी निकालिएको थियो । तानसेनको भिमसेनटोलस्थित भीमसेन मन्दिर परिसरबाट निकालिएको रथ यात्राले तानसेन नगर क्षेत्रका विभिन्न भागको परिक्रमा गरेको थियो । सो क्रममा भीमसेनको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायका मानिससहित अन्य समुदायका व्यक्तिहरुको समेत सहभागिता रहेको थियो । रथ यात्रा गर्दा धेरैजसो नेवार समुदायहरुले आ-आफ्नो घर-घरबाट भगवानलाई पूजा दिएका थिए । इतिहास बोकेको भीमसेन रथ यात्राको रौनक भने विस्तारै हराउँदै गएको छ । आधुनिकताका कारण यो रथ यात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घटेको हो । जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरुमा गाई जात्रा, रोपाइँ जात्रा निकाल्ने प्रचलन कम हुँदै गएको छ । जिल्लाको गहनाका रुपमा रहेका यि संस्कृतिहरुको संरक्षणमा कसैको ध्यान जान सकेको छैन । स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएपनि यसतर्फ खासै चासो दिएको देखिदैन ।

## वर्षाका कारण स्थगित भलिबल प्रतियोगिता आजदेखि हुँदै

**पाल्पा,** भदौ १८/सोमबार वर्षाका कारण स्थगित भएको पुरुष भलिबल प्रतियोगिता आजदेखि हुने भएको छ । तानसेनको टुँडिखेल मैदानमा भदौं १८ गते दिउँसो ३ बजेदेखि सञ्चालन हुने भनिएको खुला पुरुष भलिबल प्रतियोगिता वर्षाका कारण स्थगित भएको थियो ।


उक्त खेल आज विहान ७ बजेदेखि सञ्चालन हुने श्रीनगर भलिबल क्लवका अध्यक्ष कृष्णबहादुर आलेले जानकारी दिए । खेल क्षेत्रको विकाससँगै राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले श्रीनगर भलिबल क्लवको आयोजनामा 'प्रथम रणउज्जेश्वरी भगवती कप २०८०' हुन लागेको हो । प्रतिकूल मौसमका कारण खेल स्थगित गर्नु परेको क्लवका अध्यक्ष आलेले जानकारी दिए । प्रतियोगितामा आठ टिमको सहभागिता रहेको छ । प्रतियोगितामा प्रथम हुनेले एक लाख ११ हजार १ सय ११, द्धितिय हुनेले ७७ हजार ७ सय ७७, तृतिय हुनेले



४४ हजार ४ सय ४४ र सान्तवना हुनेले २२ हजार २ सय २२ नगद पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगितामा विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीलाई समेत पुरस्कृत गरिने अध्यक्ष आलेले बताए । प्रतियोगिता हुने समयमा श्रीकृष्ण जन्माष्टमी तथा ऐतिहासिक भगवती जात्रा परेकाले पनि खेलाडी र दर्शकहरुको उल्लेखीय सहभागिता रहने क्लवका अध्यक्ष आलेले बताए । २०७५ सालमा स्थापना भएको क्लवलले राष्ट्रियस्तरका दर्जानौं खेलाडीहरु उत्पादन गर्न सफल भएको छ । उसले विभिन्न समयमा महिला र पुरुष भलिबल प्रतियोगिताहरु सञ्चालन गर्दै आएको छ ।




# इन्स्टाग्राममा रील बनाउनेहरूलाई खुसीको खबर, कम्पनीले गर्दैछ नयाँ परिवर्तन




इन्स्टाग्राममा रीलहरू बनाउनेहरूले चाँडै सुखद् समाचार पाउन सक्छन् । इन्स्टाग्रामको मूल कम्पनी मेटाले अब इन्स्टा रिलको अवधि ९० सेकेण्ड अर्थात् डेढ मिनेटबाट १० मिनेट बढाउने तयारी गरेको छ । मोबाइल विकासकर्ता र लीकर अलेसान्द्रो पालुज्जीले आफ्नो एक्स ह्यान्डलमा दुई साइड-बाइ-साइड रिल्स पृष्ठहरूको स्क्रिनसट पोस्ट गरेर यो जानकारी दिएका हुन् । यसमा तीन मिनेट लामो र १० मिनेटको भिडियो सेयर गरिएको छ । यदि इन्स्टाग्रामले आफ्नो रिलको अवधि बढाउँछ भने यो टिकटक र युट्युब सर्टहरू जस्तै हुनेछ । यसले टिकटक र युट्युब सर्टका लागि चुनौती सिर्जना गर्नेछ । साथै, ती इन्स्टाग्राम प्रयोगकर्ताहरू जो लामो रिलहरू सिर्जना गर्न चाहन्छन् पनि धेरै लाभान्वित हुनेछन् ।

टिकटकले सन् २०२२ मा नै आफ्ना भिडियोहरूको अवधि १० मिनेटमा बढाएको थियो । सुरुदेखि नै प्रयोगकर्ताहरूले युट्युबमा लामो भिडियोहरू अपलोड गर्ने सुविधा पाएका छन् । तर, इन्स्टाग्राममा प्रयोगकर्ताहरूले ९० सेकेन्ड मात्रै रिलहरू बनाउन सक्छन् । इन्स्टाग्राम रीलहरू धेरै लोकप्रिय भएका छन् । तर, रिल्सको छोटो अवधिका कारण इन्स्टाग्रामले अहिले टिकटक र युट्युबसँग प्रतिस्पर्धा गर्न कठिनाइको सामना गरिरहेको छ । यद्यपि, मेटाले आधिकारिक रूपमा इन्स्टा रिलको अवधि विस्तारको पुष्टि गरेको छैन । यदि इन्स्टाग्रामले यो विकल्प लागू गर्छ भने, प्लेटफर्ममा सामग्री सिर्जनाकर्ताहरूले लामो सौन्दर्य ट्यूटोरियलहरू, शैक्षिक सामग्री, खाना पकाउने डेमोहरू, आदिसहित विभिन्न विषयहरूमा रिलहरू सिर्जना गर्न सक्षम हुनेछन् । धेरै सिर्जनाकर्ताहरूले ९० सेकेन्डको सीमाका कारण पूर्ण जानकारी आदान प्रदान गर्न नसकेको महसुस गरेका छन् । लामो रिलले सिर्जनाकर्ताको कमाइमा कस्तो प्रभाव पार्छ भन्ने अहिले नै भन्न सकिने अवस्था छैन । उनले आफ्नो विचार राम्रोसँग प्रस्तुत गर्न पक्कै पनि समय पाउनेछन् भन्नेमा कुनै शंका छैन ।

-रातोपाटी डटकम

# सामाजिक सञ्जालमा आलोचना गर्दा मृत्युदण्ड



साउदी अरबको एक अदालतले सामाजिक सञ्जालमा भ्रष्टाचार र मानवअधिकार उल्लैनको निन्दा गरेका एक जनालाई मृत्युदण्डको सजाय सुनाएको छ । आतङ्कवादीविरुद्ध मुद्दा चलाउन सन् २००८ मा स्थापना गरिएको विशेष फौजदारी अदालतले गत महिना मोहम्मद अलघामदीविरुद्ध उक्त फैसला सुनाएको हो ।

अलघामदीमाथि साउदी नेतृत्वविरुद्ध षड्यन्त्र गरेको, राज्यका संस्थालाई कमजोर पार्ने र आतङ्कवादी विचारधारालाई समर्थन गरेको अभियोग लगाइएको उनका भाइले सोमबार एएफपीलाई बताएका हुन् । यस सम्बन्धमा टिप्पणीका लागि एएफपीले गरेको अनुरोधलाई साउदी अधिकारीहरूले जवाफ दिन अस्वीकार गरेका छन् । मानव अधिकारकर्मीहरूले अलघामदीविरुद्धको यो निर्णयले साउदीमा सामाजिक सञ्जालमा प्रकाशित आलोचना कति घातक हुन्छ भन्ने प्रष्ट पारेको बताएकामा छन् । सामाजिक सञ्जाल एक्स अर्थात् तत्कालीन ट्वीटरमा उनले सरकारी रवैया र भ्रष्टाचारको आलोचना गरेका थिए । दश जनाभन्दा कम 'फलोवर्स' भएका अलघामदीलाई प्राणदण्डको घोषणा भएकामा मानवअधिकारवादी संस्थाहरूले साउदी सरकारलको आलोचना गरेका छन् । मोहम्मदका भाइ र साउद अरब बाहिर निर्वासनमा रहेका मावनअधिकारकर्मी सइद अलका अनुसार घामदीले सरकारको आलोचना गर्दै जेलमा परेका आस्थाका बन्दी र धार्मि व्यक्तिहरूको समर्थन गरेका थिए । साउदी सरकार मृत्युदण्डका कारण अन्तरराष्ट्रिय जगतमा बारम्बार आलोचनाको पात्र बनेको छ । खेपिरहेको छ, गत वर्ष एक सय ७४ जनालाई मृत्युदण्ड दिएको रियादले यो वर्ष ९४ जनाको प्राण हरण गरिसकेको छ । साउदीले मृत्युदण्ड कसरी दिन्छ भन्ने नखुलाए पनि क्रुर ढङ्गले शिरच्छेदन गर्ने उसको परम्परा छ । साउदी अरबका वास्तविक शासक युवराजाधिराज मोहम्मद बिन सलमानको नेतृत्वमा देशलाई विश्वव्यापी पर्यटन र व्यापार गन्तव्यमा रूपान्तरण गर्ने महत्वाकाङ्क्षी 'भिजन २०३०'सुधार योजनालाई अघि बढाइए पनि मृत्युदण्डको कठोर सजायका प्रावधानमा उक्त मुलुक उदार हुन सकेको छैन ।

-हाम्राकुरा डटकम

# सामाजिक सञ्जालको गलत प्रयोगबाट कसरी बच्ने ?

सामाजिक सञ्जाल त्यसलाई उपयोग गर्ने मानिसहरु भैं सुन्दर छ । तर हालकै दशकमा त्यसको उपयोगको विश्लेषण गर्दा यसको प्रयोग राम्रोसँग भएको छैन । नयाँ विचारको प्रचारप्रसार वा समुदायलाई जोड्न बनेको एउटा गतिलो माध्यम विस्तारै निरासा पोख्ने, अविश्वास पैदा गर्ने र षड्यन्त्र रच्ने थलोको रुपमा विकास हुँदै आएको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताको जमातमा नयाँ पुस्ता थपिदै जाँदा जिज्ञासा उब्जिएको छ । के यसको उच्चतम उपयोग गर्न सकिदैन ? यसको प्रयोगमा देखिएका समस्या समाधान माथिदेखि तल नभएर तलदेखि माथिको अवधारणा अन्तर्गत गर्नुपर्ने हुन्छ । यसको मतलब प्रयोगकर्तामार्फत नै सुधार । व्यक्तिगत रुपमा यसको सुधारका लागि प्रयोगकर्ताले राम्रो छनौट अवश्य गर्नुपर्ने हुन्छ। थ्रेड्स चलाउँदा होस् कि फेसबुक, एक्स होस् वा इन्स्टाग्राम मानिसले त्यसको राम्रो उपयोग गर्नुपर्छ । सामाजिक सञ्जालले मानिसको उपयोग नगरोस् भन्ने कुरामा सचेत हुँदै सात तरिकाले सञ्जाल चलाउनु जरुरी छ ।

**अपरिचितसँग सतर्क**

कुनै पनि अपरिचित व्यक्ति पार्टीमा घुस्दै गालीगलौन गर्न थाल्यो र संवादलाई विथोल्न खोज्यो भने त्यस्ता व्यक्तिलाई पार्टीबाटै बाहिर निकाल्ने चलन छ । सामाजिक सञ्जालमा भने भड्काउ प्रवृत्तिका व्यक्ति वा प्रवृत्तिलाइ कहिलेकाहीं उत्सवका रुपमा लिइन्छ । कसैले दुर्व्यवहार गरेको खण्डमा अनुशासित ढंगबाट त्यसको प्रत्युतर दिने उपायनै सर्वोत्तम हो । तर सामाजिक सञ्जालमा भने हामी यसको पालना गरिरहेका हुँदैनौं । अश्लील गालीगलौजका कारण सामाजिक सञ्जाल निकै विशाक्त देखिन्छ । कसैले केही नराम्रो गरिरहेका छन् भने त्यस्ता गतिविधि उक्साउने पृष्ठपोषण वा गतिविधि भन्दा पनि त्यसलाई निरुत्साहित हुनेगरिको पृष्ठपोषण सबैले दिन जरुरी छ । तब मात्रै मानिसले आफ्नो गल्ती महशुस गर्छ र सामाजिक सञ्जालको शुद्धीकरणको पनि थालनी हुनेछ ।

**संवेदनशीलता अपनाउने**

सामाजिक सञ्जालमा अपनाउनुपर्ने संवेदनशीलतामा मानिसहरु निकै अल्छी भैं छन् । भ्युज बटुल्न अथवा त्यसमा प्रतिक्रिया बटुल्नका लागि मानिसहरुले आफ्नो बौद्धिकताको उपयोग गरिरहेका हुँदैनन् । उनीहरुले जस्तो सामग्री पनि सञ्जालमा हाल्ने गर्छन् । सामाजिक सञ्जालमा पोस्ट गर्दा हामीसँग विभिन्न तर्क हुन्छन् । विभिन्न सन्दर्भलाई जोडेर मानिसहरुले आफ्ना विचार पोस्ट गर्छन् । तर, जब त्यो कुरा अर्को व्यक्ति वा समूहलाई जोक अथवा व्यंग्यात्मक लाग्छ तब त्यसले समस्या उत्पन्न गराउँछ । यो झमेलाबाट बच्ने तरिका भने सरल छ । पोस्ट गर्नुअघि आफैंलाई प्रश्न गर्ने । के यो विषय ठीक छ ? मैले पोस्ट गर्ने विषयका लागि के यो उपयुक्त माध्यम हो ? केही भनाइहरू च्याटका लागि मात्रै उपयुक्त हुन्छन् । यसलाई ख्याल गर्दै पोस्ट गर्दा संवेदनशील हुन जरुरी छ । केही जिज्ञासा उठान गर्ने हो भने त्यसलाई ट्वीटर वा फेसबुकमा राख्दा राम्रो हुन्छ । मनोरम दृश्य इन्स्टाग्राममा पोस्ट गर्दा उत्तम हुन्छ भने व्यक्तिगत विषय वा कडा राजनीतिक प्रश्नलाई निकट तथा विश्वसनीय मानिसहरुलाई इनबक्स गर्दा राम्रो हुन्छ । संवेदनशीलता अपनाउँदा कुनै पनि सम्भावित लफडा वा झमेला वा त्यसमा उत्पन्न हुने क्रिया प्रतिक्रियाबाट बच्न सकिन्छ ।

**जनमत परीक्षणको आधिकारिक थलो नबनाउने**

विभिन्न माध्य विभिन्न कुराका लागि राम्रा छन् । यिनीहरुले विभिन्न मानिसलाई बहसका लागि आकर्षित गर्छन् । सामाजिक सञ्जाल लोकप्रियतावादका लागि मात्रै हो । यसले वास्तविक जनमतको प्रतिविम्ब निकै कम रुपमा गर्छ । सामाजिक सञ्जालबारे अध्ययन गर्ने संस्था पीउ अनुसन्धान केन्द्रले २३ प्रतिशत अमेरिकनले एक्स प्रयोग गर्ने र ट्वीटरमा सक्रिय २५ प्रतिशतले मात्रै ९७ प्रतिशत ट्वीट गर्ने पाइएको बताएको छ । ५ प्रतिशत अमेरिकन वयस्कले मात्रै ट्वीट गर्ने अध्ययन केन्द्रको भनाइ छ । सामाजिक सञ्जालले आफ्नै समुदायको सेवा गर्ने अध्ययन केन्द्र बताउँछ । त्यसैले जनमतको आधिकारिक थलो यसलाइ मान्न नहुने तर्क छ । यदि प्रयोग गरियो भने त्यसले गलत निष्कर्षमा पुऱ्याउने छ किनभने जनमतको परीक्षणका लागि यी सञ्जाल बनेका होइनन् । उदाहरणका लागि टिकटक सबैभन्दा बढी मनोरञ्जनात्मक छ भने ट्वीटर सबैभन्दा बढी चर्को छ । यिनीहरुमा बौद्धिक वा दयालु सामग्री हुने कुनै सुनिश्चितता छैन । प्रविधिका प्रयोगकर्तामा सबैभन्दा बढी नयाँ पुस्ता हुन्छन् । उनीहरुले पुराना पुस्ताका दृष्टिकोण वा अनुभव सुन्छन् भन्ने कुनै सुनिश्चितता हुँदैन । त्यसैले बाइडेनको सामाजिक सञ्जालमा परीक्षण असफल भए पनि मतदानमा उनी सफल भए । सञ्जालको प्रयोग गर्दा तिनीहरुको सीमालाई ख्याल गरिनुपर्छ । तिनीहरुमा लोकप्रिय कुरा वा विषयले सिंगो मुलुककै प्रतिनिधित्व गर्न सक्दैन ।

**क्रोध वा प्रलोभनको प्रतिरोध**

एक्सको चतुर कुरा के छ भने त्यहाँ अन्यायको सवालमा मानिसहरुले निकै नै आक्रोश पोखेका हुन्छन् । मानिसहरुलाई यो उपयुक्त थलो भैं लाग्छ । तर जब त्यहाँका क्रिया प्रतिक्रिया स्कोल गरिन्छ तब थाहा लाग्छ सोचेभैं एक्स रहेनछ । सन् २०२० मा भिडियो गेम स्ट्रिम गर्ने स्टेफेन फभलले यसको गतिलो उदाहरण दिएका छन् । उनले भनेका छन्, 'अधिकांश सामाजिक सञ्जाल क्रोधले भरिएका हुन्छन् । त्यहाँ ठ्याक्कै उल्टो स्थिति हावी हुन्छ । यसको पछि कारण छ । कारण भनेको क्रोधको यात्रा हो ।' सन् २०३२ मा क्याम्ब्रिज विश्वविद्यालयले गरेको अनुसन्धानले एक व्यक्तिले वैचारिक रुपमा समान व्यक्तिबारे गरेको ट्वीटभन्दा त्यसको विरोधीबारे गरेको ट्वीट सबैभन्दा बढी रिट्वीट हुन्यो । यस्तै, सहमतिभन्दा असहमति नै बढी भाइरल भएको पाइयो । यो अध्ययनले के देखाउँछ भने विरोधीहरुको विषयमा निकै आक्रामक प्रहार हुन्छ भने त्यस्ता गतिविधि दोहोरिएका मात्रै हुँदैनन् प्रोत्साहन पनि हुन्छ । नकरात्क कुराहरु धेरैनैन भाइरल हुँदा यसले मानसिक स्वास्थ्य तथा नागरिक समाजको बहसलाई नै असर पुऱ्याएको छ । अनुसन्धानकर्ता ड्रिक थोमसन भन्छन्, 'सबै बखत अपमानजनक हुँदा आवश्यकताको बखत कसैले पनि विरोध जनाउन सक्दैन ।'

**तिखा प्रहार निरुत्साहित गर्ने**

सन् २०२० मा पीटर विन्डवर्ग ट्वीटरमा ट्रेडिङमा आए । यस्तै अन्य माध्यममा पनि उनलाई अपरिचित व्यक्तिहरुले धम्कीपूर्ण चेतावनी दिंदै पोस्ट गरे । यतिसम्म गरियो कि ४९ वर्षीय उनको घरको ठेगानमा सामाजिक सञ्जालमा पोस्ट गरियो । यसको कारण के थियो भने जर्ज फ्लोएडको समर्थनमा पोस्टर टाँस्दै हिंडेकी युवतीमाथि दुर्व्यवहार भएको दृश्यमा उनी भैं देखिने मानिस पनि कैद थिए । त्यस घटनामा पीटरको कुनै पनि संलग्नता थिएन । युवतीमाथि दुर्व्यवहार भएको भोलिपल्ट मात्रै घटनास्थल नजिकै वीनवर्ग पुगेका थिए । तर उनीमाथि सामाजिक सञ्जाल प्रयोगकर्ताको भीडले निकै आक्रमण गऱ्यो । उनीमाथि नभएर मेरिल्याण्डका पूर्व प्रहरी पनि यस्तै आक्रमणको शिकार भए । उनीमाथि आरोप लगाएर गरिएको ट्वीट ५ लाख पटक रिट्वीट भएको थियो । सामाजिक सञ्जालका आक्रोशित जमात निकै घातक हुन्छन् । त्यसैले यस्ता गतिविधिमा सामेल नहुनु नै उत्तम हुनेछ । अझै चिनजानै नभएको व्यक्तिमाथिका टीकाटिप्पणीमा सामेल नहुनु नै सबैभन्दा राम्रो विकल्प हो । आफ्नाबारेमा यस्तै अफवाह नफैलियोस् वा मानहानी नहोस् भन्ने चाहने हो भने अरुका विषयमा भएका उस्तै कुरामा आफू सामेल हुनुहुँदैन ।

**आफ्नो बाटोको छनोट**

यदि ठूलै जमातले केही विषयबारे बोलिरहेको छ भने त्यसप्रति धारणा राख्न चहाने कुरा प्राकृतिक र स्वाभाविक हो । सामाजिक सञ्जालले हामीले नजानेकै कुरामा टीकाटिप्पणीका लागि हौस्याउँछ । केही मानिसहरु यस्ता गतिविधिबाट टाढै रहेर नातिनातिना वा आफूले पालेका जनावर र आफ्ना गतिविधिका बारेमा जानकारी दिने पोस्ट राख्छन् । बहुसंख्यक मानिस भने टीकाटिप्पणीमा उत्रिन्छन् । नजानेको विषयमा गरिन टीकाटिप्पणीले कालान्तरमा समस्या निम्त्याउँछ । हाम्रो विज्ञताभन्दा बाहिरको क्षेत्रमा गएर टीकाटिप्पणी गर्नुहुँदैन । किनभने ट्वीटर जस्ता माध्यममा माफी दर्शाउनका लागि बनेका होइनन् । यो थलो वैचारिक बहसका लागि बनेको हो । जहाँ कसैले एउटा विषयमा धराप थापेको हुन्छ र विज्ञता भन्दा बाहिरै रहेर टिप्पणी गर्दा आक्रमणमा पर्ने संभावना बढी हुन्छ । यहूदी विद्वान रब्बीले भन्थे- 'मैले मेरो जीवनका अधिकांश समय धर्मगुरुहरुसँग बिताएँ । मैले थाहा पाएँ कि अनभिज्ञ विषयमा मानिसका लागि मौनता बाहेकको उत्तम विकल्प केही छैन ।' उनको यो नीति सामाजिक सञ्जाल प्रयोगकर्ताको लागि निकै उत्तम हुन्छ ।

**आक्रोश ओकल्नुअघि अध्ययन**

अधिकांश समयमा हामी हेडलाइन हेरेरै आक्रोशित हुन्छौं । कुनै पनि आलेख वा समाचारको आंशिक विषय मात्रैबाट हामी धारणा बनाइरहेका हुन्छौं । त्यो विषयको सान्दर्भिकता वा त्यसको अर्थ हामी खोतल्दैनौं किभने सत्य खोतल्ने समय खर्चिनुभन्दा असत्यलाई नै फैलाउन हामी उद्यत हुन्छौं । अधिकांश सामाजिक सञ्जाल प्रयोगकर्ताहरु आफूले जान्दै नजानेको विषयमा निर्णय दिइहाल्छन् । यसले सार्वजनिक बहसलाई निकै नै प्रदूषित बनाएको छ । गाता हेरेर पुस्तकबारे निर्णय लिन नसक्ने कुरा हामीले सानैदेखि पढ्दै आएका हौं । यसलाई नै ख्याल राखेर हेडलाइन वा आंशिक विषय मात्रै पढेर त्यसलाई शेयर गर्न वा त्यसप्रति आक्रोश ओकल्न हतारिनुहुँदैन । जान्दै नजानेको विषयमा प्रतिक्रिया दिनु भनेको बौद्धिक विद्रुपता हो । यस्ता गतिविधिले मानिसले आफ्नो प्रतिष्ठाको वजन घटाइरहेको हुन्छ भने सामाजिक सञ्जाललाई कुरुप पनि बनाउँछ । यस्ता बहस कसैले पनि जित्दैन र यस्ता गतिविधिले कसैलाई पनि बौद्धिक कहलाउँदैन । यस्ता अभ्यासलाई निरुत्साहित गर्नुपर्छ ।

-अनलाइन खबर डटकम

# पाल्पामा जनसरोकारका विषयमा छलफल गर्दै माओवादी

**पाल्पा,** भदौ १८/नेकपा माओवादी पाल्पाले जनसरोकारको विषयमा छलफल अगाडि बढाएको छ । उसले जिल्लाको शान्ति, सुरक्षा र सुशासनका सम्बन्धमा पाल्पाका प्रमुख जिल्ला अधिकारीसँग छलफल अगाडि बढाएको हो ।

लुम्बिनी प्रदेशका पूर्व अर्थमन्त्री तथा नेकपा माओवादी पाल्पाका ईञ्चार्ज कृष्णध्वज खड्काको नेतृत्वमा केन्द्रीय सदस्य दिपेन्द्र पुन, जिल्ला संयोजक राजेन्द्र विश्वकर्मा, सचिव मधुरा ढकाल र तानसेन नगरपालिका उप-प्रमुख प्रतीक्षा सिजाली मगर लगायतको टोलीले जिल्ला प्रशासन कार्यालय पाल्पाको सेवालाई जनमुखी बनाउन सुझाव दिएको जिल्ला सचिव मधुरा ढकालले बताए । उनीहरुले जिल्लाको शान्ति सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने, नागरिकता तथा राहदानी बनाउने युवाहरुको कामलाई थप व्यवस्थित गर्नुपर्ने सुझाव दिए । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले जिल्लामा नागरिकलाई नागरिकता तथा पासपोर्ट प्राप्त गर्न हाल निकै सहज व्यवस्था गरिएको बताए ।



**अखिलको विस्तारित बैंठक**

'जनतासँग माओवादी : विशेष रुपान्तरण अभियान' अन्तर्गत अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन क्रान्तिकारी, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाको इकाई समितिको विस्तारित बैठक भएको छ । प्रमुख अतिथि पाल्पा इन्चार्ज क.कृष्णध्वज खड्का तथा जिल्ला संयोजक क.राजेन्द्र विक, सचिव मथुरा ढकाल, विद्यार्थी केन्द्रीय सदस्य पदम सोमईको आतिथ्यतामा भएको बैठकले मिलनराज घर्ती मगरको अध्यक्षता मूल इकाई समिति पुनर्गठन गरेको छ । कार्यक्रमको अध्यक्षता भिम लुङ्गेली र सञ्चालन राजन क्षेत्रीले गरेका थिए । यसैबीच अनेमस (क्रान्तिकारी) रामपुर नगर समितिको आयोजनामा प्रथम बैठक तथा प्रशिक्षण कार्यक्रम भएको छ । माओवादी नेता यज्ञ पोखरेलको प्रमुख आतिथ्यता, कमल भट्टराई यम सुनार, गीता विकको आतिथ्यतामा भएको कार्यक्रमको सञ्चालन लक्ष्मी ढकालले गरेकी थिइन् । पाल्पाका दशै स्थानीय तहमा माओवादीले विशेष कार्यक्रम सञ्चालन गरेको छ । माओवादीलाई कार्यकर्ता प्रशिक्षण, पार्टीका वडा स्तरमा कमिटि गठन, महिला, दलित तथा विद्यार्थी कमिटि निर्माणदेखि जनश्रमदानमा उत्साहजनक सहभागिता जनाएको छ ।

## Chandrakot Rural Muncipality
## Office of Rural Muncipal Executive
## Shantipur, Gulmi, Nepal

# INVITATION FOR SEALED QUOTATION

**Invitation for Sealed for Procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: CRM-GUL-SQ-G01/080/081**

**Second Date of Publication: 2080/5/19 (2023-9-5)**

**1.The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to **Chandrakot Rural Municipality** for Trail Bridge Program and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.

**2.** The **Chandrakot Rural Municipality** invites sealed quotation from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.

**3.** The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.

**4.** Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Chandrakot Rural Municipality or www.bolpatra.gov.np/egp.**

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs.(Excluding (VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of Steel Parts and Transportation up to Road Heads of Bridge Site | 1098020.32 | 32000.00 | 1000.00 |

**5.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

## खेलकुद समाचार

# कतारलाई हराउँदै नेपाल सेमिफाइनलमा



**काठमाडौं,** भदौ १८/कतारलाई ९ विकेटले पराजित गर्दै नेपाल मलेसियामा जारी आईसीसी वुमन्स टी-२० विश्वकप एसिया छनोटमा समूह ए बाट सेमिफाइनलमा प्रवेश गरेको छ ।

कतारले दिएको ७५ रनको लक्ष्य नेपालले १०.३ ओभर खेल्दै एक विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा काजल श्रेष्ठले सर्वाधिक ३२ रन बनाए । समूह ए मा लगातार चौथो जित हात पारेको नेपालको ४ खेलबाट ८ अंक छ । नेपालले अब समूहको अन्तिम खेलमा बुधबार यूएईसँग खेल्नेछ । उक्त खेल समूह विजेता बन्नका लागि निर्णायक बन्नेछ । यूएईले अहिले बहराइनसँग खेलिरहेको छ । यसअघि ब्याटिङमा देखिएको समस्या यस खेलमा नेपालले केही हदसम्म सुधार गऱ्यो । काजल श्रेष्ठ र सीता राना मगरले पहिलो विकेटका लागि ७ ओभरमा ४७ रनको साझेदारी गरे । २८ बल खेल्दै ४ चौकासमेत प्रहार गरेकी काजललाई सातौं ओभरको अन्तिम बलमा कतारकी सबिजा पनायानले बोल्ड गरे । त्यसपछि सीता र इन्दु मिलेर नेपाललाई जितसम्म पुऱ्याए । यी दुईले अविजित २८ रनको साझेदारी गरे । इन्दुले १२ बल खेल्दै ३ चौका मदतमा अविजित २० रन बनाइन् । यस्तै सीताले २३ बलमा अविजित १७ रन बनाइन् । त्यसअघि युकेएम वाईएसडी क्रिकेट ओभलमा टस हारेर पहिले ब्याटिङ गरेको कतारले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ७३ रन बनायो । कतारका लागि साची डादवालले सर्वाधिक २१ रन बनाउँदा ओपनर एलिना खानले १५ तथा कप्तान आयशाले १० रन जोडिन् । एन्जेलाइन मरे १४ रनमा अविजित रहिन् । नेपालका लागि किफायती बलिङ समेत गरेकी इन्दुले ४ ओभरमा १० रन मात्र खर्चेर ३ विकेट लिइन् । उनले १७औं ओभरको तेस्रो, पाँचौ र छैटौं बलम विकेट लिएकी थिइन् । पुजा महतो र कविता जोशीले समान एक/एक विकेट लिए । सन् २०२४ मा हुने वुमन्स विश्वकपका लागि एसिया क्षेत्रको छनोटमा ११ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । समूह ए मा ६ र समूह बी मा पाँच टिम छन् । दुवै समूहबाट शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् र फाइनल पुग्ने दुई टोली मात्र ग्लोबल क्वालिफायर्समा छनोट हुनेछ । नेपालको लक्ष्य पनि फाइनल पुग्दै ग्लोबल क्वालिफायरमा छनोट हुने रहेको छ ।

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिको वर्ष २९ अंक ३६, मिति २०८०/०५/०४ गते चौथो पृष्ठमा पाल्पा ट्रेक्टर समिति तानसेन, पाल्पाको हार्दिक बधाईमा कार्यवाहक अध्यक्ष हुमराज बस्याल हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

## अर्थ/कर्पोरेट/ समाचार

# नेप्से सामान्य अंकले बढ्यो



**पाल्पा,** भदौ १८/सेयर साताको दोस्रो कारोबार दिन सोमबार नेप्से परिसूचक सामान्य अंकले बढेको छ । कारोबारको अन्तिम समयमा मूल्य झरेको मौकामा खरिद गर्नेहरु बढ्दा परिसूचक अन्ततः अघिल्लो दिनको तुलनामा ७ अंकले बढेको हो ।

नेप्से परिसूचक ७.०४ अंकले बढेर १ हजार ९ सय ६७ दशमलव ८३ विन्दुमा पुगेको छ । सेन्सेटिभ इण्डेक्स १.०९ अंकले बढेर ३ सय ७७ दशमलव ७१ विन्दुमा अडिएको छ । २ सय ७० कम्पनीको ३४ लाख ३२ हजार २ सय ६७ कित्ता सेयर १ अर्ब ९ करोड ९१ लाख ३९ हजार ६ सय ९७ दशमलव १६ रुपैयाँमा खरिदबिक्री भयो । सो अवधिमा ३२ हजार ५ सय ३३ पटक सेयर कारोबार भयो । आइतबार नेप्से परिसूचक २९.८१ अंकले घटेर १ हजार ९ सय ६० दशमलव ७८ विन्दुमा पुगेको थियो । सो दिन २ सय ७६ कम्पनीको ४० लाख ५३ हजार ३ सय ६८ कित्ता सेयर १ अर्ब १८ करोड ६६ लाख १८ हजार ४ सय १० रुपैयाँमा खरिदबिक्री भएको थियो । सोमबार तीनवटा कम्पनीको सेयर मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । थ्री स्टार हाइड्रोपावरको १० प्रतिशतल, दोल्ती पावर कम्पनीको ९.९९ र ग्रीन भेन्चर्सको ९.९५ प्रतिशतले सेयर मूल्य बढेको हो । कारोबार रकमका आधारमा आईएमई लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रह्यो । कारोबारमा आएका १३ वटा उपसमूहमध्ये १२ को मूल्य बढ्यो भने एकको मात्रै घट्यो । फाइनान्स इन्डेक्सबाहेक अन्य उपसमूहको सूचक बढेको हो ।

## श्री मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक तेल्घा-८ हाल तानसेन नगरपालिका १० निवासी मित्रलाल तिमिल्सीनाको नाती टेक प्रसाद तिमिल्सीनाको छोरा विष्णु तिमिल्सीनाले बाबु टेक प्रसाद तिमिल्सीनाको मिति २०७२/०२/१२ मा मृत्यु भएको, निज जग्गाधनी टेकप्रसाद तिमिल्सीनाको एक मात्र पत्नी हिमा कान्ती देवी तिमिल्सीनाको मिति २०७९/०२/२३ मा मृत्यु भएको, टेक प्रसाद तिमिल्सीनाको नाममा साविक तेल्घा ८ मा कि.नं. ४४७, ४७१, ४७३, ४७८, ४८१, ९३२, ९३३, ९३६, ९३७ को जग्गा र हिमा कान्ती देवी तिमिल्सीना मोही भई अमर नारायण गुठीको नाममा साविक बर्तुङ्ग ४ मा कि.नं. १७५७ को जग्गा रहेको, निज जग्गाधनी दम्पतीबाट दुई छोरा र तिन छोरीको जायजन्म भएकोमा जेठो मधु सुदन तिमिल्सीनाको मिति २०५९/०३/२६ मा मृत्यु भएको, निजको एकमात्र पत्नी लक्ष्मी बस्यालले र.नं. २८५० मिति २०६१/०३/०८ को अंश भरपाईबाट अंश लिई छुट्टिई भिन्न भईसकेको, ज.ध.को सबै छोरीहरुको विवाह भइसकेको, कान्छो विष्णु तिमिल्सीना बुवा आमासँग सगोलमा बसी आमा, बुवाको रेखदेख, पालनपोषण र मृत्यु संस्कार, काजकृया समेत गरेकाले माथि उल्लेखित कि.नं. को जग्गा आफ्ना नाममा एकलौटी नामसारी गरिपाउँ भनी र.नं २८५० मिति २०६१/०३/०८ को अंश भरपाई लिखत, ज.ध प्रमाण पूर्जा, तिरो रसिद, नागरिकता प्रतिलिपि, मृत्यु दर्ता प्रतिलिपि, नाता प्रमाणित, प्लट रजिष्टर उतार, तानसेन १० को सिफारिस, मुचुल्का संलग्न राखी यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा पाल्पा जिल्ला साविक तेल्घा-८ को कि.नं. ४४७, ४७१, ४७३, ४७८, ४८१, ९३२, ९३३, ९३६, ९३७ र साविक बर्तुङ्ग ४ कि.नं. १७५७ को जग्गाधनी टेक प्रसाद तिमिल्सीना र हिमा कान्ती देवी तिमिल्सीनाको मृत्यु भएको हो या होइन ? उक्त जग्गामा हाल कसको हकभोग छ ? निवेदक बिष्णु तिमिल्सीनको हकभोग छ या छैन ? उक्त जग्गाको हकदार को-को हुन् ? निजको के-कति सन्तानको जन्म भएको हो ? जग्गाधनीको अविवाहित छोरीहरु छन् या छैनन् ? निवेदकको दाजु मधु सुदन तिमिल्सीनाको मृत्यु भएको हो या होइन ? निजको एकमात्र श्रीमती लक्ष्मी बस्यालले र.नं. २८५० मिति २०६१/०३/०८ मा अंश लिई छुट्टिएको हो या होइन ? मधु सुधन तिमिल्सीनाको मृत्यु दर्तामा निजको पत्नीको नाम लक्ष्मी तिमिल्सीना र वडा सिफारिसमा लक्ष्मी बस्याल भनिएकोमा व्यक्ति एउटै हो या होइन ? यसमा माथि उल्लेखित कि.नं. को जग्गा जग्गाधनीले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? निवेदक बाहेक अन्य हकदार छन् या छैनन् ? निवेदक विष्णु तिमिल्सीनाको नाममा उक्त कि.नं.को जग्गा एकलौटी नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? निवेदकका नाममा एकलौटी नामसारी गरिदिँदा कोही कसैलाई असर पर्छ वा पर्दैन? निवेदन मागदाबी बमोजिम गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा एकलौटी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत २०८० साल भाद्र १८ गते रोज २ शुभम् ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई